नेपाल सरकार

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(संघीय मामिला महाशाखा)

प.सं.:२०७६।७७ (फोकल पर्सन)

च.नं.: ८९

मिति: २०७७।१।२३

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु ७७ (सबै) ।

विषय: स्थानीय तहहरुसँग समन्वय गरी बिबरण उपलब्ध गराई दिन हुन ।

प्रस्तुत विषयमा यस मन्त्रालयको स्थानीय तह समन्वय शाखाको च नं ३७३, मिति २०७६।११।३० को **स्थानीय तहको सहजीकरणको लागि प्रदेशगतरुपमा फोकल पर्सन तोकिएको** विषयको पत्र प्राप्त गर्नु भई सो सम्बन्धी व्यहोरा अवगत गर्नु भएकै छ । कोभिड-१९ को नियन्त्रण सम्बन्धमा स्थानीय तहहरुबाट क्वारेन्टाइनहरुको निर्माण, संचालन तथा राहत बितरणसम्बन्धी कार्यका लागि हालसम्म भएको खर्च रकमको बिबरण एकीकृत गर्ने कार्य भईरहेको सन्दर्भमा उक्त कार्यका लागि त्यस जिल्ला भित्रका सबै स्थानीय तहहरुबाट गरिएको ०७६ चैत्र महिनाको खर्च रकम र ०७७ बैशाखको २४ गतेसम्मको खर्च रकम (मासिकरुपमा देखिने गरी) देहायबमोजिमको ढाँचामा गत चैत्र र चालु बैशाख महिनाको अलग अलग ढाँचामा तयार गरी सम्बन्धित प्रदेशका फोकल पर्सनहरुको ईमेलमार्फत ७ (सात) दिन भित्र उपलब्ध गराई सहयोग गर्न हुन अनुरोध गर्दछु ।

क्वारेन्टाइनहरुको निर्माण तथा संचालन सम्बन्धी खर्च बिबरण

| क्रम संख्या | स्थानीय तहहरुको नाम | क्वारेन्टाइनहरुको निर्माण सम्बन्धी खर्च | क्वारेन्टाइनहरुमा आवश्यक पर्ने सामान,शयनकक्ष व्यवस्थापन लगायतको खर्च | क्वारेन्टाइनमा बस्नुहुनेहरुको खाना तथा औषधी व्यवस्था खर्च | जम्मा खर्च रकम |
|---|---|---|---|---|---|
| | | | | | |

रातह बितरण खर्च तथा कोष व्यवस्थापन सम्बन्धी बिबरण

| क्रम संख्या | स्थानीय तहहरुको नाम | राहत बितरण गरिएको कुल परिवार संख्या | राहतबाट लाभान्वित कुल जनसंख्या | हालसम्म राहत बितरणमा खर्च भएको जम्मा रकम | राहतका लागि व्यवस्था गरिएको र प्राप्त हुन आएको जम्मा रकम |
|---|---|---|---|---|---|
| | | | | | |

(बसन्त अधिकारी)

सहसचिव

वोधार्थ तथा कार्यार्थ

श्री स्थानीय तहहरु ७५३ (सबै): आवश्यक सहयोगका लागि अनुरोध छ ।

श्री ....., सबै फोकल पर्सनहरु, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

Scanned with CamScanner